# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३) पोखरा, असार २६ गते, २०७७ साल (अतिरिक्ताङ्क ०४

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७७ सालको ऐन नं. ६

**गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यको सुविधा सम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) "कार्यपालिका सदस्य" भन्नाले संविधानको धारा २१५ को उपधारा (४) तथा धारा २१६ को उपधारा (४) बमोजिमका कार्यपालिकाको सदस्य सम्झनु पर्छ।

(च) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख तथा समितिको प्रमुख र उपप्रमुख सम्झनु पर्छ।

(छ) "प्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ।

(ज) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ।

(झ) "वडा अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) तथा धारा २१६ को उपधारा (२) बमोजिमको वडा अध्यक्ष सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले संविधानको धारा २२२ को उपधारा (२) तथा धारा २२३ को उपधारा (२) बमोजिमका सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमका जिल्ला समन्वय समितिको सदस्यलाई समेत जनाउँछ।

(ट) "समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ।

(ठ) "समितिको प्रमुख" भन्नाले समितिको प्रमुख सम्झनु पर्छ।

(ड) "समितिको उपप्रमुख" भन्नाले समितिको उपप्रमुख सम्झनु पर्छ।

(ढ) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा, नगरपालिकाको हकमा नगर सभा सम्झनु पर्छ।

(ण) "सभाका सदस्य" भन्नाले गाउँ सभा र नगर सभाका सदस्य सम्झनु पर्छ।

(त) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(थ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति सम्झनु पर्छ।

३. **सुविधाः** (१) पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४" बमोजिम मासिक सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मिति देखि मात्र यस ऐन बमोजिमको सुविधा पाउनेछन्।

तर चरम आर्थिक विश्रृङ्खलता वा प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

४. **सवारी तथा यातायात सुविधाः** (१) पदाधिकारीलाई सम्बन्धित स्थानीय तहले सवारी चालक सहितको हलुका सवारी साधन उपलब्ध गराउन सक्नेछ र यसरी सवारी साधन उपलब्ध गराएकोमा अनुसूची बमोजिमको इन्धन तथा मोविल समेत उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन उपलब्ध गराएकोमा अनुसूची बमोजिमको यातायात सुविधा उपलब्ध गराइने छैन। सवारी साधन उपलब्ध नगराएको अवस्थामा पदाधिकारीले अनुसूची बमोजिमको यातायात सुविधा पाउनेछ।

(३) पदाधिकारी बाहेकका सदस्यले अनुसूची बमोजिमको रकम यातायात सुविधा वापत पाउनेछ।

तर, कुनै वडा अध्यक्षले यातायात सुविधा वापत कुनै सवारी साधन वा इन्धन सुविधा पाएको भए यातायात सुविधा वापतको रकम पाउने छैन।

५. **सञ्चार सुविधाः** पदाधिकारी तथा सदस्यले सञ्चार सुविधा वापत अनुसूची बमोजिमको रकम टेलिफोन तथा मोबाइल रिचार्ज सुविधा र पत्रपत्रिका तथा इन्टरनेट सुविधा वापत पाउनेछन्।

६. **अतिथि सत्कार सुविधाः** पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम अतिथि सत्कार सुविधा वापत पाउनेछन्।

७. **अन्य सुविधाः** (१) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको अनुगमन सुविधा पाउनेछन्।

(२) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको समन्वय र सहजीकरण सुविधा पाउनेछन्।

(३) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिम आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि अनुसूची बमोजिमको सुविधा पाउनेछन्।

८. **बैठक भत्ताः** (१) पदाधिकारी तथा सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन्।

(२) वडा समितिको हकमा उपदफा (१) बमोजिम बैठक भत्ता प्रति महिना बढीमा तीन वटा बैठकसम्मको मात्र पाइनेछ।

(३) उपदफा (१) बमोजिमको बैठक व्यवस्थापनका लागि खटिने बढीमा तीन जना कर्मचारीहरुले सदस्य सरह बैठक भत्ता पाउनेछन्।

(४) एक दिनमा जति पटक बैठक बसेको भएपनि एउटा बैठकको मात्र बैठक भत्ता पाइनेछ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि "न्यायिक समिति" भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ।

९. **दैनिक भत्ता तथा भ्रमण खर्चः** (१) पदाधिकारी तथा सदस्यले स्थानीय तहसँग सम्बन्धित कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र बाहेक नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको दरमा नबढ्ने गरी दैनिक भत्ता तथा भ्रमण खर्च पाउनेछन्।

(२) पदाधिकारी तथा सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा लाग्ने यातायात खर्च वापत टिकट वा बिल बमोजिमको रकम पाउनेछन् ।

१०. **बिमा सुबिधाः** पदाधिकारी तथा सदस्यलाई अनुसूचीमा उल्लेख भएको रकममा नबढ्ने गरी विमा शुल्क (प्रिमियम) वापत बिल बमोजिमको रकम भुक्तानी गरिनेछ।

११. **निजी सचिवालयको व्यवस्थाः** (१) महानगरपालिकाको प्रमुखले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको स्वकीय सचिव राख्न पाउनेछन्।

(२) महानगरपालिकाको उपप्रमुख तथा नगरपालिकाको प्रमुखले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी राजपत्र अनङ्कित द्वित्तीय श्रेणी वा सो सरहको स्वकीय सचिव राख्न पाउनेछन्।

(३) गाँउपालिकाको अध्यक्षले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी राजपत्र अनङ्कित द्वितिय श्रेणी वा सो सरहको स्वकीय सचिव राख्न पाउनेछन्।

१२. **दृष्टिविहीन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः** (१) कुनै पदाधिकारी तथा सदस्य दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न सहयोगीको सेवा आवश्यक छ भन्ने कुरा अध्यक्ष, प्रमुख वा समितिको प्रमुखलाई लागेमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा समितिले त्यस्तो पदाधिकारी तथा सदस्यको साथमा रहने निजले रोजेको एक जना सहयोगीको सेवा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई यस ऐन बमोजिम सदस्यले पाउने सरहको बैठक भत्ता उपलब्ध गराइनेछ र त्यस्तो पदाधिकारी तथा सदस्य भ्रमण गर्दा निजको सहयोगीलाई निजले पाए सरहको दैनिक भत्ताको आधा रकम र भ्रमण खर्च उपलब्ध गराइनेछ।

१३. **भत्ता तथा सुविधा वापतको रकम भुक्तानीः** (१) पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम पाउने भत्ता तथा सुविधा वापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै स्थानीय तहमा बैंङ्कको कार्यालय नभई कुनै पदाधिकारी वा सदस्यले बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा सुविधा वापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयबाट उपलब्ध गराउन बाधा पुग्ने छैन।

१४. **सुविधा नपाउनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर

र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा पाउने छैन।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउनेछ ।

**१५. सुविधा कम हुने गरी निर्णय गर्न सक्नेः** यस ऐन बमोजिम निर्धारण गरिएको सुविधा सम्बन्धित सभाले आफ्नो आन्तरिक श्रोत तथा क्षमताका आधारमा कम हुने गरी निर्णय गर्न सक्नेछ।

**१६. अन्य सुविधा नपाउनेः** कुनै पनि सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा पाउने छैनन्।

**१७. अनुसूची हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

**१८. खारेजी र बचाऊः** (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ खारेज गरिएको छ ।

(२) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ खारेज हुनु अघि सो ऐन बमोजिम भएको काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ।

द्रष्टव्यः-

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ सम्मानित सर्वोच्च अदालतको मिति २०७६।०७।०१ को फैसला बाट खारेज भएको।

अनुसूची

(दफा ३, ४, ५, ६, ७, ८, ९ र १० सँग सम्बन्धित)

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

(क) गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र. सं. | सुविधाको किसिम | एकाइ दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर | ९० | ९० | १५ | - | - |
| २ | मोविल | त्रैमासिक लिटर | ५ | ५ | १ | - | - |
| ३ | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १,५०० | १,५०० | १,५०० |
| ४ | पत्रपत्रिका, इन्टरनेट सुविधा | प्रति महिना रु. | ५,००० | ४,००० | ३,५०० | ३,००० | २,००० |
| ५ | टेलिफोन तथा मोबाइल रिचार्ज सुविधा | प्रति महिना रु. | ५,००० | ४,००० | ३,५०० | ३,००० | २,००० |
| ६ | अतिथि सत्कार सुविधा | प्रति महिना रु. | १०,००० | ७,००० | ६,००० | ४,००० | २,५०० |
| ७ | अनुगमन सुविधा | प्रति महिना रु. | ९,००० | १०,००० | ६,००० | ५,५०० | ३,००० |
| ८ | समन्वय र सहजीकरण सुविधा | प्रति महिना रु. | ७,००० | ६,००० | २,५०० | २,५०० | १,००० |
| ९ | चाडपर्व सुविधा | वार्षिक रु. | २५,००० | २५,००० | २०,००० | १८,००० | १५,००० |
| १० | बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | रु. | | | | | |
| १२ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (आयोजक संस्थाले होटल बासको प्रबन्ध गरेकोमा २५ प्रतिशत मात्र उपलब्ध हुने ।) | प्रति दिन अमेरिकी डलरमा | १३५ | १३० | १२५ | १२५ | १२० |
| १३ | बिमा | वार्षिक रु. | १०,००० | १०,००० | १०,००० | १०,००० | १०,००० |

(ख) नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

(अ) नगरपालिका

| क्र. सं. | सुविधाको किसिम | एकाइ दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर | ९० | ९० | १५ | - | - |
| २ | मोविल | त्रैमासिक लिटर | ५ | ५ | १ | - | - |
| ३ | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १,५०० | १,५०० | १,५०० |
| ४ | पत्रपत्रिका, इन्टरनेट सुविधा | प्रति महिना रु. | ५,००० | ४,००० | ४,००० | ३,५०० | २,००० |
| ५ | टेलिफोन तथा मोबाइल रिचार्ज सुविधा | प्रति महिना रु. | ५,००० | ४,००० | ४,००० | ३,००० | २,००० |
| ६ | अतिथि सत्कार सुविधा | प्रति महिना रु. | १२,००० | ८,५०० | ६,००० | ४,००० | ३,००० |
| ७ | अनुगमन सुविधा | प्रति महिना रु. | ११,५०० | १२,५०० | ६,००० | ६,००० | ३,००० |
| ८ | समन्वय र सहजीकरण सुविधा | प्रति महिना रु. | ७,००० | ६,००० | ४,५०० | ४,००० | २००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | चाडपर्व सुविधा | वार्षिक रु. | ३०,००० | ३०,००० | २५,००० | २०,००० | १८,००० |
| १० | बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |
| १२ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (आयोजक संस्थाले होटल बासको प्रबन्ध गरेकोमा २५ प्रतिशत मात्र उपलब्ध हुने ।) | प्रति दिन अमेरिकी डलरमा | १४० | १३५ | १२५ | १२५ | १२० |
| १३ | बिमा | वार्षिक रु. | १०,००० | १०,००० | १०,००० | १०,००० | १०,००० |

(आ) <u>महानगरपालिका</u>

| क्र. सं. | सुविधाको किसिम | एकाइ दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर | ९० | ९० | १५ | - | - |
| २ | मोविल | त्रैमासिक लिटर | ५ | ५ | १ | - | - |
| ३ | यातायात सुविधा | प्रति महिना रु. | १५,००० | १५,००० | १,५०० | १,५०० | १,५०० |
| ४ | पत्रपत्रिका, इन्टरनेट सुविधा | प्रति महिना रु. | ५,००० | ५,००० | ४,००० | ४,००० | २,००० |
| ५ | टेलिफोन तथा मोबाइल रिचार्ज सुविधा | प्रति महिना रु. | ५,००० | ५,००० | ४,००० | ४,००० | २,००० |
| ६ | अतिथि सत्कार सुविधा | प्रति महिना रु. | १४,००० | १२,००० | ७,५०० | ७,००० | ४,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | अनुगमन सुविधा | प्रति महिना रु. | १३,००० | १४,००० | ७,००० | ६,००० | ३,५०० |
| ८ | समन्वय र सहजीकरण सुविधा | प्रति महिना रु. | १४,००० | ९,००० | ६,००० | ५,००० | ३,००० |
| ९ | चाडपर्व सुविधा | वार्षिक रु. | ३५,००० | ३५,००० | ३०,००० | २५,००० | २०,००० |
| १० | बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० | १,६०० | १,६०० |
| १२ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (आयोजक संस्थाले होटल बासको प्रबन्ध गरेकोमा २५ प्रतिशत मात्र उपलब्ध हुने ।) | प्रति दिन अमेरिकी डलरमा | १५० | १३५ | १२५ | १२५ | १२० |
| १३ | बिमा | वार्षिक रु. | १०,००० | १०,००० | १०,००० | १०,००० | १०,००० |

(ग) <u>जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यले पाउने सुविधा</u>

| क्र. सं. | सुविधाको किसिम | एकाइ दर | प्रमुख | उपप्रमुख | समितिका सदस्य |
|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर | ९० | ९० | - |
| २ | मोविल | त्रैमासिक लिटर | ५ | ५ | - |
| ३ | यातायात सुविधा | प्रति महिना रु. | १५,००० | १२,००० | १५०० |
| ४ | पत्रपत्रिका, इन्टरनेट सुविधा | प्रति महिना रु. | ५,००० | ४,००० | ३,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | टेलिफोन तथा मोबाइल रिचार्ज सुविधा | प्रति महिना रु. | ५,००० | ४,००० | ३,००० |
| ६ | अतिथि सत्कार सुविधा | प्रति महिना रु. | १२,००० | ८,००० | ६,००० |
| ७ | अनुगमन सुविधा | प्रति महिना रु. | १४,००० | १२,००० | ८,००० |
| ८ | समन्वय र सहजीकरण सुविधा | प्रति महिना रु. | १०,००० | ८,००० | ३,५०० |
| ९ | चाडपर्व सुविधा | वार्षिक रु. | ३२,००० | २८,००० | २५,००० |
| १० | बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० |
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० |
| १२ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (आयोजक संस्थाले होटल बासको प्रबन्ध गरेकोमा २५ प्रतिशत मात्र उपलब्ध हुने ।) | प्रति दिन अमेरिकी डलरमा | १५० | १३५ | १२० |
| १३ | बिमा | वार्षिक रु. | १०,००० | १०,००० | १०,००० |

द्रष्टव्यः१. पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक भारत र बङ्गलादेशको अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।

प्रमाणीकरण मितिः २०७७/०३/२६

**आज्ञाले,**

**किरणराज शर्मा**

**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु २५।-